# स्थानीय राजपत्र

बोगटान फुड्सिल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड :-९ संख्या :-१ मिति :-२०८२/०८/२२


## भाग- २

# सुरक्षित आप्रवासन तथा मानव बेचबिखन सम्बन्धि निर्देशिका २०८२

# बोगटान फुडसिल गाउँ पालिका डोटी को
# सुरक्षित आप्रवासन तथा मानव बेचबिखन नियमन सम्बन्धी निर्देशिका, २०८२

**प्रस्तावनाः** नेपालको संविधान २०७२ को अनुसूची ८ को (५,६,७,१७) बमोजिम स्थानीय तहमा रहेको क्षेत्राधिकार र स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ मा स्थानीय तहको काम, कर्तव्य र अधिकार क्षेत्र अन्तरगत दफा ११ को उपदफा "थ" मा भएको व्यवस्था बमोजिम स्थानीय सरकारलाई प्राप्त जिम्मेवारी पुरा गर्न तथा आफ्नो भौगोलिक क्षेत्र भित्रको बैदेशिक रोजगारीसँग सम्बन्धित तथ्यांक संकलन गर्न, बैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुलाई आवश्यक सूचना तथा परामर्श सेवा प्रवाह गर्न, सीप, तालिममा पहुच बढाउन, बैदेशिक रोजगारिका कारण ठगी लगायतका समस्यामा परेका आप्रवासी कामदारहरुको न्यायमा सहि पहुँच बढाउन, बैदेशिक रोजगारीका कारण उत्पन्न मनोसामाजिक समस्यामा रहेका आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यहरुलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउन साथै रोजगारीका लागि पटक पटक वैदेशिक रोजगारीलाई नै दोहर्याउनु पर्ने बाध्यतालाई कम गर्न विप्रेषणको अधिकतम सदुपयोग एवं आयमुलक क्षेत्रमा परिचालनका लागि वित्तीय साक्षरता कार्यक्रम संचालन गरी यस क्षेत्रको ब्यबस्थापन गर्न र सामाजिक पुनःएकीकरण संग सम्बन्धित कार्यक्रम संचालन गरी स्वदेशमा नै रोजगारीका अवसरहरु सिर्जनागरी वाध्यात्मक बैदेशिक रोजगारीलाई अन्त्य गर्न र बिभिन्न किसिमले हुने मानव बेचबिखन नियन्त्रण गर्न बान्छनीय भएकाले स्थानीय सरकार संचालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरी **"सुरक्षित आप्रवासन तथा मानव बेचबिखन नियमन सम्बन्धी निर्देशिका २०८२"** तर्जुमा गरि लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भ

**१. सन्क्षिप्त नाम बिस्तार र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम सुरक्षित आप्रवासन तथा मानव बेचबिखन नियमन सम्बन्धी निर्देशिका २०८२ रहनेछ ।

(२) यो निर्देशिका बोगटान फुडसिल गाउँ पालिका भरि लागु हुनेछ ।

(३) यो कार्यबिधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

क. "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

ख. "निर्देशिका" भन्नाले सुरक्षित आप्रवासन तथा मानव बेचबिखन नियमन सम्बन्धी निर्देशिका २०८२ लाई सम्झनु पर्दछ ।

ग. "स्थानीय तह" भन्नाले बोगटान फुडसिल गाउँपालिकालाई सम्झनु पर्दछ ।

घ. मन्त्रालय" भन्नाले श्रम, रोजगारी तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्दछ ।

ङ. "विभाग" भन्नाले बैदेशिक रोजगारी विभागलाई सम्झनु पर्दछ ।

च "बोर्ड" भन्नाले बैदेशिक रोजगारी बोर्डको सचिवालयलाई सम्झनु पर्दछ ।

छ . “आप्रवासी स्रोत केन्द्र” भन्नाले सुरक्षित बैदेशिक रोजगारी सम्बन्धी सूचना तथा परामर्श सेवा दिनुका साथै बैदेशिक रोजगारी सम्बन्धी अन्य विविधीकृत सेवा प्रदान गने केन्द्रलाई सम्झनु पर्नेछ ।
ज. “शाखा” भन्नाले बोगटानफुडसिल गाउँपालिकाको संगठन संरचना अन्तरगत रहेको श्रम तथा रोजगारी सम्बन्धी कार्य गर्न तोकिएको शाखालाई सम्झनु पर्दछ ।
झ. “मोडयुल” भन्नाले वित्तीय साक्षरता, मनोसामाजीक परामर्श सेवा, सीप तालिम, उद्यम विकास लगायतको सेवाहरु प्रवाह गर्नको लागि  सम्बन्धित स्थानीय तहले तयार गरी लागू गरेको मोडयुलहरुलाई सम्झनु पर्दछ  ।
ञ. “सम्बन्धित निकाय ” भन्नाले बैदेशिक रोजगारी सम्बन्धी बिशेष सेवा प्रवाह गर्ने निकायहरु बैदेशिक रोजगारी विभाग, बैदेशिक रोजगारी बोर्डको सचिवालय, कन्सुलर सेवा विभाग, गन्तव्य मुलुकहरुमा रहेका नेपाली दुतावास र श्रम, रोजगारी तथा सामाजिक सुरक्षा मन्त्रालय, साथै यस क्षेत्रसँग सम्बन्धित अन्य सरकारी निकायहरुलाई सम्झनु पर्दछ ।
ट. “सेवा प्रदायक/बिशेषज्ञ” भन्नाले बोगटान फुडसिल गाउँपालिकाद्वारा प्रचलित कानून बमोजिम परामर्श सेवा खरिद गरी सीप तालिम, कानूनी सेवा, वित्तीय साक्षरता, मनोसामाजीक परामर्श सेवा, उद्यम विकासको क्षेत्रमा सेवा प्रवाहका लागि  परिचालन गरेको व्यक्ति तथा संस्थालाई सम्झनु पर्दछ ।

## परिछेद २
## निर्देशिकाको उद्देश्य तथा रणनीति

**३. निर्देशिकाको उद्देश्यः**

वैदेशिक रोजगारी संग सम्बन्धित कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्दै सुरक्षित आप्रवासनको क्षेत्रमा सुशासन प्रवर्धनक लागि पारदर्शी र जवाफदेहि ढंगले कार्यक्रम संचालन गर्नु र मानब बेचबिखन नियमन गर्नु यस निर्देशिकाको प्रमुख उद्देश्य रहेको छ ।
क. सुरक्षित बैदेशिक रोजगारीसंग सम्बन्धित गतिविधिहरु (बैदेशिक रोजगारीमा जाने, गएका ब्यक्ति र तिनका परिवार र विदेश बाट फर्केर आएका ब्यक्तिहरु लाई लक्षित गरी एकीकृत रुपमा योजना तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।
ख. सुरक्षित वैदेशिक रोजगारीको लागि गाउँपालिका स्वयंले वा अन्य स्थानीय तहहरु, प्रादेशिक सरकार, संघीय सरकार तथा सम्बन्धित साझेदार संस्थाहरुसंगको साझेदारीमा बजेट व्यवस्थापन र योजना तर्जुमा गरि कार्यक्रम संचालन गर्ने ।
ग. वैदेशिक रोजगारमा जाने, गएका व्यक्ति, तिनका परिवार तथा विदेशबाट फर्केर आएका व्यक्तिहरुलाई लक्षित गरि गाउँपालिकाले गाउँपालिकाको  हाप्ता भित्र आप्रवासी स्रोत केन्द्र स्थापना तथा संचालन गरि आवश्यक सूचना तथा परामर्श लगायतका सेवाहरु प्रवाह गर्ने ।
घ. जिल्ला स्थित अन्य स्थानीय तहहरु, श्रम रोजगारी तथा सामाजिक सुरक्षा मन्त्रालय,वैदेशिक रोजगार बोर्ड, सिप तालिम प्रदान गर्ने निकायहरु, मनोसामाजिक परामर्श सेवा तथा वित्तीय सक्षरताको क्षेत्रमा विज्ञता भएका संस्थाहरु संग समन्वय तथा सहकार्यलाई बढावा दिई कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने ।
ङ. वैदेशिक रोजगारसँग सम्बन्धित संचालन भएका कार्यक्रम तथा गतिबिधिहरुको प्रभावकारी कार्यान्वयन तथा अनुगमन गरी यस क्षेत्रको दीगो रुपमा व्यवस्थापन गर्ने  ।

**४. रणनीतिः**

४.१.वैदेशिक रोजगारको क्षेत्र वहुसरोकारको बिषय भएकाले यस क्षेत्रको व्यवस्थापन सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुको भूमिका तथा संलग्नता महत्वपुर्ण हुनेछ । यस क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन, व्यवस्थापन, अनुगमन, तथा समिक्षामा सम्बन्धित सबैको अर्थपूर्ण सहभागिता जोड दिइनेछ । यस स्थानीय तह भित्रका बिषयगत शाखाहरु मार्फत योजनाहरु बनाउदा वैदेशिक

रोजगारीमा जाने, गएका व्यक्ति, तिनका परिवार र फर्किएर आएका व्यक्तिहरु संग सम्बन्धित सवालहरुलाई प्राथमिकता दिई योजनामा समावेश गरिनेछ ।

४.२. यस क्षेत्रको प्रभावकारी व्यवस्थापन, न्यून लागत, श्रोत साधनको अधिकतम् उपयोग र प्रभावकारी सेवा प्रवाहको लागि स्थानीय सरकार संचालन ऐनको दफा २६ को मर्म अनुसार आप्रवासी श्रोत केन्द्र सञ्चालन, जनशक्तिको व्यवस्थापन तथा क्षमता विकास, अनुगमन जस्ता कार्यहरु अन्य स्थानीय तहहरुसंग पनि सहकार्य गर्न सकिनेछ । त्यसको साथै प्रदेश सरकार संघीय अन्तर्गतका सम्वन्धित मन्त्रालय, विभाग, बोर्ड तथा सम्बन्धित साझेदार संस्थाहरु संग पनि समन्वय तथा सहकार्यमा जोड दिइनेछ ।

४.३. गाउँपालिकाको  हाता भित्र सुरक्षित वैदेशिक रोजगारीका लागि आप्रवासी स्रोत केन्द्रको स्थापना तथा संचालन गरिने ।

४.४. आप्रवासी स्रोत केन्द्र स्थापना र संचालनका लागि एक र एक भन्दा बढी स्थानीय तहहरुले बजेट व्यवस्थापन, योजना तर्जुमा, कार्यान्वयन गुणस्तरीयता कायम र अनुगमन लगायतको क्षेत्रमा सहकार्य गरि सुरक्षित वैदेशिक रोजगार सम्वन्धि निशुल्क सूचना तथा परामर्श सेवा लगायतका सेवाहरु प्रदान गर्न सकिनेछ ।

**५. योजना तर्जुमा तथा कार्यक्रम संचालन क्षेत्रहरुः**

**५.१ वैदेशिक रोजगार सम्बन्धी तथ्यांक संकलन तथा व्यवस्थापनः** गाउँ पालिकाले आफ्नो क्षेत्र भित्रको वैदेशिक रोजगारसँग सम्बन्धित समग्र तथ्यांक संकलन गर्नेछ । तथ्यांक संकलन गर्दा हाल वैदेशिक रोजगारीमा रहेका संख्या, सिप तालिम तथा सुचनामा आप्रवासी कामदारको पहुँच, रेमिट्यान्स प्राप्ति तथा सो को उपयोग, उपयोग सम्वन्धि विवरण,सामाजिक लागत सम्बन्धिका जानकारीहरु र आप्रवासी कामदारहरुले सामना गर्नु परेका समस्या लगायतका बिषयहरु समेटिने छ । यसको अलावा वैदेशिक रोजगारीबाट फर्केर आएका व्यक्तिहरुको संख्या, उनीहरुले आर्जन गरका सिप दक्षता तथा पुंजी र उनीहरु द्वारा संचालित उद्यम तथा व्यवसाय लगायतको विवरणहरु संकलन गरि वैदेशिक रोजगारी सम्बन्धि वस्तुगत विवरण तयार गरिने छ । संकलित तथ्यांक तथा वस्तुगत विवरणको आधारमा यस क्षेत्रको प्रभावकारी व्यवस्थापनको लागि वार्षिक तथा आवधिक योजना तर्जुमा र बजेट व्यवस्था गरि कार्यक्रम लागु गरिने छ ।

**५.२ सुरक्षित आप्रवासन सम्बन्धि सुचना, परामर्श तथा सेवा केन्द्र सञ्चालनः** गाउँ पालिकाले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र लाभदायक बनाउन वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुलाई सुरक्षित वैदेशिक रोजगारी सम्वन्धि सूचना तथा परामर्श सेवा प्रदान गर्न जिल्ला भित्र आप्रवासी स्रोत केन्द्र स्थापना गरी जिल्लाका  सबै स्थानीय तहहरुबाट वैदेशिक रोजगारीमा जानको लागि राहदानी बनाउन आउने सेवाग्राहीहरुलाई सीप तालिम तथा सुरक्षित वैदेशिक रोजगार सम्बन्धि सूचणा तथा परामर्श लगायतका सेवाहरु प्रदान गरिने छ । उक्त स्रोत केन्द्र मार्फत वैदेशिक रोजगारको शिलशिलामा नेपाल भित्र वा गन्तव्य मुलुकमा समस्यामा परेका आप्रवासी कामदार तथा तिनका परिवारहरुलाई सहज न्याय, क्षतिपूर्ति, आर्थिक सहायता राहत र उद्दारका लागि सम्बन्धित निकायहरुसँग समन्वय तथा आवश्यक सहजीकरण गरिने छ । आप्रवासी स्रोत केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि न्यूनतम मापदण्ड एवं पूर्वाधारहरूको आवश्यक व्यवस्था गरिने छ (अनुसुची १) । उक्त स्रोत केन्द्र राष्टीय रोजगार कार्यक्रम अन्तर्गतको रोजगार सूचना केन्द्रसँग सूचना प्रवाह, सिप तालिममा सिफारिस सूचना आदानप्रदान लगायतको क्षेत्रमा निकटतम समन्वय र सहकार्य गरि कार्य संचालन गर्ने छ । उक्त केन्द्रमा २ जना (कम्तिमा एक जना महिला सहित) सूचना तथा परामर्शकर्ता नियुक्त गरि परिचालन गरिने छ । उनीहरुको योग्यता, अनुभव तथा सेवा सुविधा तोकिए  बमोजिम हुनेछ (परिच्छेद -५ मा उल्लेख भए बमोजिम हुनेछ) ।

**५.३ रिटर्नी परिचालनः** पालिका क्षेत्र भित्रका दूरदराजका वस्ती स्तरमा सुरक्षित वैदेशिक रोजगार सम्बन्धि प्रचार प्रसार गरि सूचना सम्प्रेषण गर्न, वैदेशिक रोजगार सम्बन्धि समस्याहरु पहिचान गरि थप बिशिष्टीकृत सहयोगका लागि आप्रवासी स्रोत केन्द्रमा सिफारिस गरि पठाउन, बिद्यालयमा अध्यनरत बिद्यार्थीहरुलाई सुरक्षित बैदेशिक रोजगार सम्बन्धि अभिमुखीकरण गर्न र वैदेशिक रोजगार सम्बन्धि तथ्यांक संकलन तथा व्यवस्थापनमा सहयोग गर्नका लागि वैदशिक रोजगारमा कम्तिमा २ बर्ष काम गरी फर्केका महिला तथा पुरुषहरुलाई सम्बन्धित वडाहरुमा आंशिक वा पूर्णकालीन कर्मचारीका रुपमा रिटर्नीहरु परिचालन गरिने छ । वैदेशिक रोजगारीमा गई फर्केका व्यक्तिहरुले गन्तव्य मुलुकहरुको नियम, कानुन, धर्म संस्कृति, संस्कार हावापानी र कामसंग सम्बन्धित व्यावहारिक ज्ञान तथा अनुभवहरु सम्भावित आप्रवासी कामदार तथा तिनका परिवारहरु लाई सहि सूचना सम्प्रेषण गर्ने भएकाले वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनमा महत्वपुर्ण योगदान  पुग्ने छ ।

**५.४. समुदायस्तरमा सचेतनामुलक कार्यक्रमः** पालिकाले वैदेशिक रोजगारलाई सुरक्षित तथा व्यवस्थित गर्नका लागि समुदाय स्तरमा गठन भई क्रियाशील रहेका समुहहरु वा वैदेशिक रोजगारमा जानका लागि प्रक्रियामा रहेका सम्भावित आप्रवासी कामदारहरुलाई वैदेशिक रोजगारीको प्रक्रियामा हुनसक्ने सम्भावित जोखिम र सुरक्षाका उपायहरुको बारेमा सूचना दुन्को लागि अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ । समुदाय अभिमुखिकरण कार्यक्रम संचालनका लागि संचालन मोड्युल तयार गरि लागु गरिने छ । यसको अलावा स्थानीय तह तथा वडा कार्यालयद्वारा आवश्यकता अनुसारका सचेतनामलुक कार्यक्रमहरु (संदेशमुलक सडक नाटक, होर्डिग बोर्ड आदि) निर्माण गरि समुदाय स्तरमा संचालन गरिने छ ।

**५.५. सीप तालिम संचालन तथा सहजीकरणः** वैदेशिक रोजगारीमा जान चाहने सम्भावित आप्रवासी कामदारहरुको पहिचान गरि वैदेशिक रोजगारमा रहंदा गर्नुपर्ने कामसँग सम्बन्धित सीप तालिम प्रदानको लागि वैदेशिक रोजगार बोर्डको सचिवालय, प्रदेश सरकार तथा नेपाल सरकार को प्राविधिक शिक्षा तथा ब्यावशायिक तालिम परिषदद्धारा मान्यता प्राप्त तालिम प्रदायक संस्थाहरुसँगको समन्वय र सहकार्यमा सीप तालिम सञ्चालन तथा व्यवस्थापन गरिनेछ । उक्त तालिमहरु गन्तव्य मलुकको आवश्यकता तथा मापदण्ड अनुरुपको पाठ्यक्रम निर्माण गरी संचालन गरिनेछ । तालिम सञ्चालन सम्बन्धी मोड्युल आवस्यकता अनुसार नेपाल सरकारको प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परिषद, वैदेशिक रोजगार बोर्डको सचिवालय र तालिम प्रदायक संस्थाहरु संगको समन्वय र सहकार्यमा तयार गरि लागु गरिने छ ।

**५.६. न्यायमा सहजीकरणः** वैदेशिक रोजगारीको क्रममा हुने ठगी, बेपत्ता, अलपत्र, राहत/आर्थिक सहायता प्राप्ति उद्दार लगायतका समस्याहरुमा आवश्यक सहयोगको लागि आप्रवासी श्रोत केन्द्र वा रोजगारी सुचना केन्द्र मार्फत सहजीकरण गरिने छ । त्यस्ता समस्याहरुमा सहजीकरणका लागि समस्याको प्रकृति अनसुार जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, वैदेशिक रोजगार विभाग, न्यायाधिकरण, श्रम कन्सुलर, गन्तब्य स्थित नेपाली दुतावास, यस क्षेत्रमा क्रियाशील संघ संस्था लगायतका निकायहरुसँग प्रभावकारी समन्वय तथा सहकार्यमा जोड दिइनेछ । वैदेशिक रोजगारी सँग सम्वन्धित ठगीका समस्याहरु न्यायिक समितिको क्षेत्राधिकार भन्दा बाहिरको विषय भएकोले न्यायिक समितिले पनि जिल्ला प्रशासन कार्यालय तथा अधिकार प्राप्त निकायहरुसँग समन्वय तथा सहकार्य गरिने छ ।

**५.७. वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमः** वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण रकमको उचित व्यवस्थापन तथा आयमुलक क्षेत्रमा परिचालन गरी स्वरोजगारका अवसरहरु सिर्जना गर्न र चक्रिय रुपमा वैदेशिक रोजगारीमा गईरहनुपर्ने बाध्यताको अन्त्यका लागि रेमिट्यान्स प्राप्त गर्ने परिवारका सदस्यहरुका साथै वैदेशिक रोजगारीमा जाने संभावित युवाहरूलाई व्यक्तिगत तथा समुहहरु गठन गरी वित्तीय साक्षरता कक्षा सञ्चालन गरिनेछ । उक्त कार्यको लागि बैदेशिक रोजगार बोर्ड, वित्तीय

संस्थाहरु तथा सो सँग सम्बन्धित विज्ञता हासिल गरेका संस्थाहरु सँग समन्वय तथा सहकार्य गर्न सकिने छ । वित्तीय साक्षरता कक्षा पश्चात सहभागीहरुले कक्षामा बचत बृद्धि, फजुल बचतको नियन्त्रण, पारिवारिक बजेट निर्माण, व्यावसाहिक क्षेत्रको पहिचान, योजन निर्माण र वित्तीय अनुशासनका क्षेत्रमा विस्ततृ अध्ययन गरी आयमुलक गतिवधिहरुमा संलग्न हुनेछन । उक्त कक्षा व्यवस्थापन तथा संचालनका लागि वित्तीय साक्षरता सहजकर्ता नियुक्ति गरी परिचालन गरिने छ । वित्तीय साक्षरता सहजकर्ताको योग्यता पालिका स्तरीय समितिले तोके बमोजिम हुनेछ ।

**५.८. सीपको पहिचान, उपयोग तथा उद्यमशिलता विकास कार्यक्रमः** वैदेशिक रोजगार बाट फर्केर आएका व्यक्तिहरु तथा विप्रेषण प्राप्त गर्ने घर परिवारका सदस्यहरूलाई लक्षित गरी स्थानीय स्तरको सम्भाव्यता तथा ति व्यक्तिहरुको दक्षताको आधारमा योजना तर्जुमा गरी उद्यम विकास सम्बन्धी कार्यक्रम संचालन गरिनेछ । जसको लागि युवा लक्षित घुम्ती कोष स्थापना गर्न सकिनेछ । उक्त कोष सञ्चालनको लागि कार्यविधि निर्माण गरी कार्यान्वयन गर्न सकिनेछ । कार्यक्रम निर्माण तथा संचालन गर्दा लक्षित वर्गको लागत सहभागिता तथा उत्पादनमा आधारित अनुदानको व्यवस्थालाई जोड दिइनेछ । यसको लागि आवस्यक मापदण्ड तयार गरि कार्यक्रम संचालन गरिने छ । यसको साथै विदेशबाट फर्केर आएका व्यक्तिहरु संग भएको सीप तथा दक्षता सम्बन्धिको विवरणलाई संकलन गरी रोष्टर बनाई राखिनेछ । उक्त जनशक्तिलाई दक्षता र आवस्यकताको आधारमा स्थानीय स्तरमा संचालित विकास निर्माणको क्षेत्रमा परिचालन गरिनेछ । यसको अलवा वैदेशिक रोजगारीकोक्रममा सिप हासिल गरेका तर प्रमाण पत्र नभएका व्यक्तिहरुलाई लक्षित गरी सीप परीक्षण कार्यक्रम संचालन गरिनेछ । उक्त सीप परीक्षणका कार्यक्रम संचालन गर्दा नेपाल सरकारको सम्बन्धित निकायहरु र अन्य विकास साझेदारहरुसँग पनि आवश्यक समन्वय र सहकार्य गर्न सकिनेछ । यस सम्बन्धी कार्यक्रम तर्जुमा कार्यान्वयन तथा अनुगंमनका लागि आवस्यकता अनुसार मापदण्ड तयार गरि लागु हुनेछ ।

**५.९. मनोसामाजिक परामर्श सेवाः** वैदेशिक रोजगारीमा गएका ब्यक्ति तथा तिनका परिवारलाई वैदेशिक रोजगारीका कारण उत्पन्न मानसिक समस्यालाई सम्बोधन गर्नका लागि मनोसामाजिक परामर्श सेवा सम्बन्धि योजना तर्जुमा गरि कार्यान्वयन गरिनेछ । उक्त सेवा प्रवाहका लागि मनोसामाजिक परामर्शकर्ता नियुक्ति गरि परिचालन गरिनेछ । मनोसामाजिक परामर्शकर्ताको योग्यता, अनुभव तथा सेवा सुबिधा समितिले तोके वमोजिम हुनेछ । मनोसामाजिक परामर्श सेवा संचालनका लागि मनोसामाजिक परामर्श सेवा सम्वन्धि संस्था वा निकायहरुसंगको समन्वय र सहकार्यमा कार्यक्रम तथा योजना तर्जुमा गरि कार्यान्वयन गरिने छ । यसको अलावा स्थानीय तह भित्र रहेका दक्षता हासिल गरि आवश्यकता अनुसार परिचालन गर्ने छ ।गम्भीर मनोसामाजिक समस्या भएका र आर्थिक हिसाबले कमजोर भएका व्यक्तिलाई आवश्यक उपचार सहयोगको लागि सहयोग कोष स्थापना तथा संचालन गरिने छ । यसको आलावा वैदेशिक रोजगारसँग सम्वन्धित सामाजिक लागत न्यूनीकरणका लागि सम्वन्धित सरोकारवालाहरु संगको समन्वय तथा सहकार्यमा थप कार्यक्रमहरु संचालन गरिने छ ।

**५.१०. अन्तरक्रिया तथा छलफल कार्यक्रमः** वैदेशिक रोजगार बहुसरोकारको क्षेत्र भएकोले वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित र उपलब्धीमलूक बनाउन तथा वैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्तिहरुको ज्ञान सीपलाई प्रभावकारी रुपमा परिचालन गरि आवश्यक वातावरण सिर्जना सम्बधित सरोकारा वालाहरु संग नियमित छलफल तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिनेछ ।

**५.११. छात्रावृति कार्यक्रमः** पालिका क्षेत्र भित्रबाट वैदेशिक रोजगारका क्रममा मृत्यु भइ अभिभावक गुमाएका, बेपत्ता भएका र अंगभंग भएका व्यक्तिका बालबालिकाहरुलाई छात्रवृति सहयोग प्रदान गर्न सकिनेछ । बेपत्ता भएका व्यक्तिको हकमा ५ बर्ष देखि बेपत्ता भएका व्यक्तिका बालबालिकाहरुला समेटिनेछ यस्तो छात्रावृत्ति सरकारी, सामुदायिक तथा संस्थागत विद्यालयमा

अध्ययनरत १८ बर्षसम्मका विधाथीहरुलाई प्रदान गरिनेछ । जसको लागि बिद्यार्थी अध्ययनरत विद्यालय र सम्बन्धित वडा कार्यालयले वैदेशिक रोजगारीमा गई मृत्यु तथा अंगभंग, बेपत्ता भएको प्रमाण सहित पालिकामा सिफारिस गर्ने छन् ।

## परिच्छेद - ३
## सुरक्षित आप्रवासन तथा मानव बेचबिखन नियमन समितिको गठन र काम कर्तव्य अधिकार

**६. सम्बन्धित बिषयगत शाखाको जिम्मेवारी :** गाउँ पालिकाले श्रम तथा रोजगारको कार्य गर्ने शाखालाई सुरक्षित आप्रवासन तथा मानव बेचबिखन नियमन सम्पर्क शाखाको कार्य जिम्मेवारी प्रदान गर्नेछ ।उक्त शाखाले अन्य शाखा, उपशाखा तथा निकायहरु संग समन्वय गरि कार्यक्रम तर्जुमा, बजेट बिनियोजन, कार्यक्रम कार्यान्वयन, अनुगमन र समिक्षा लगायतका कार्यहरु गर्नेछ ।
**७. समितिको गठन सम्बन्धी व्यवस्थाः** गाउँ पालिकामा मानव वेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कार्यलाई नीतिगत मार्गदर्शन गर्न गाउँपालिकाका अध्यक्षको प्रत्यक्ष निर्देशनमा रहने गरी देहाय बमोजिम पालिकास्तरिय एक समितिको गठन हुनेछ । जसले वैदेशिक रोजगार र मानव बेचबिखन सँग सम्बन्धित प्रभावकारी योजना निर्माण, व्यवस्थापन, कार्यान्वयन, अनुगमन र सम्बन्धित सरोकारवालाहरुसंग समन्वय लगायतका कार्यमा दिशा निर्देश गर्नेछ । :
१) गाउँपालिका अध्यक्ष -संयोजक
२) गाउँ पालिका उपाध्यक्ष- सदस्य
३) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
४) आर्थिक विकास समिति संयोजक - सदस्य
५) गाउँपालिका शिक्षा शाखा प्रमुख- सदस्य
६) गाउँपालिका स्वास्थ्य शाखा- सदस्य
७) महिला बालबालिका वा सामाजिक विकास शाखा प्रमुख -सदस्य
८) प्रहरी चौकी इन्चार्ज चनुकडा- सदस्य
९) कृषि तथा पशुविकास शाखा -सदस्य
१०) स्थानीय तहमा क्रियाशिल संघ संस्थाका प्रतिनिधि एक जना -सदस्य
११) स्थानीय उद्योग बाणिज्य संघको प्रतिनिधि -सदस्य
१२) मानव बेचविखन पिडितहरु मध्येवाट संयोजकले मनोनित गरेको एक जना -सदस्य
१३) गाउँपालिका रोजगार शाखा- सदस्य सचिव
१५) समितिले विषयवस्तुसँग सरोकार राख्ने व्यक्ति, विज्ञ,वडा अध्यक्षहरु र स्थानीय पत्रकारलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ ।
**८. समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन
(क) मानव बेचबिखन तथा ओसारपसार विरूद्ध पालिका स्तरीय नीति, कार्य योजना, कार्यक्रम र बजेट तर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने,
(ख) स्वीकृत भएको नीति, कार्य योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा कार्यान्वयनको अनुगमन गर्ने,
(ग) अन्य स्थानीय तहहरु, प्रदेश सरकार, संघीय सरकार अन्तर्गतका श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बिभाग, वैदेशिक रोजगार बोर्ड, सम्बन्धित साझेदार संस्था, विकास नियोग, तालिम प्रदायक संस्था तथा सरोकारवालाहरु सँग आवश्यक समन्वय र सहकार्य गर्ने,
(घ) मानव बेच बिखन तथा ओसारपसार विरूद्ध राष्ट्रिय, प्रदेश र जिल्ला स्तरका समितिसँग समन्वय, सहकार्य र सहयोग आदान- प्रदान गर्ने,

(ङ) विदेशमा अलपत्र परेका पीडितको उद्धार गर्न तथा निजको सहमतिमा स्वदेश फर्काउन नेपाल सरकार लगायत विभिन्न निकाय समक्ष समन्वय गर्ने,
(च) पालिका क्षेत्रमा बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिको नक्सांकन गर्ने र आवश्यकता बमोजिम उद्धार, पुनर्स्थापना तथा सहयोग गर्ने,
(छ) उद्धार गरिएका पीडित तथा निजसँग रहेका नाबालकलाई तिनीहरुको पुर्नस्थापना तथा पारिवारिक पुनर्मिलन नहुञ्जले सम्मकालागि सुरक्षा आवासमा राख्ने व्यवस्था गर्ने,
(ज) स्थानीय स्तरमा कुनै पुनर्स्थापना केन्द्र वा सुरक्षा आवास भएमा सोको अनुगमन गरी कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्ने,
(झ) जिल्ला समितिले बनाएको नीति र योजनासँग सामन्जस्यता कायम गरी कार्यक्रमको कार्यान्वयन गर्ने,
(ञ) मानव बेचबिखन तथा ओसारपसारका बिरूद्ध स्वदेशी तथा अन्तर्राष्ट्रिय संघसंस्था, सरकारी निकाय, व्यावसायिक संस्था आदिबीच समन्वय गर्ने,
(ञ) मानव बेचबिखन तथा ओसारपसारसँग सम्वन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र आवश्यकता अनुसार विभिन्न निकायमा पठाउने,
(ट) नेपाल सरकार, प्रदेश सरकार र अन्य संस्था तथा निकायसँग समन्वय गरी मानव बेच बिखन तथा ओसारपसार प्रभावितका लागि राहत कोष स्थापना तथा सञ्चालन गर्ने,
(ठ) मानव बेचविखन तथा ओसारपसार विरुद्धको वडास्तरमा समिति गठन गर्ने र उक्त समितिलाई आवश्यक निर्देशन र सुझाव दिने,
(ड) कानुनले तोके बमोजिमका अन्य कार्य गर्ने ।

**९. समितिको बैठक सम्बन्धी व्यवस्थाः**

(१) समितिको बैठक प्रत्येक चार महिनामा कम्तिमा एकपटक बस्ने छ ।
(२) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य-सचिवले तोकेको मिति, स्थान र समयमा बस्ने छ ।
(३) कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिने छ ।
(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ तर निजको अनुपस्थितिमा पालिका उपाध्यक्ष र निजको पनि अनुपस्थिति रहे उपस्थित सदस्यहरु मध्ये वरिष्ठ सदस्यले गर्नेछ ।
(५) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१०. वडा स्तरीय समितिको गठन सम्बन्धी व्यवस्थाः**

क. पालिकाको प्रत्येक वडामा मानव वेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कार्य गर्न देहाय बमोजिम वडा स्तरीय एक समितिको गठन हुनेछ ।
(१) वडा अध्यक्ष वा समितिले तोकेको वडा सदस्य -संयोजक
(२)सम्बन्धित वडाको स्वास्थ्य संस्थाको प्रमुख -सदस्य
(३)वडाको उच्चतम विद्यालयको प्रधानाध्यापक -सदस्य
(४) सम्बन्धित वडामा रहेको प्रहरी चौकी प्रमुख - सदस्य
(५) वडा भित्रका क्रियाशिल संघ संस्थाका प्रतिनिधि एक जना - सदस्य
(६)वडा सदस्यहरु मध्येबाट संयोजकले मनोनित गरेको १ जना महिला सदस्य - सदस्य
(७)वडामा रहेका महिला समुह वा किशोरी समुह प्रतिनिधि - सदस्य
(८) वाल संजालको संयोजक प्रतिनिधि - सदस्य
(९) वडा सचिव -सदस्य सचिव
ख. वडा क्षेत्रभित्र मानव बेचबिखन तथा ओसारपसारबाट पीडित वा प्रभावित भएका व्यक्ति उपलब्ध भएमा निजको सहमतिले निजलाई अनिवार्य रुपमा सदस्यमा राख्नु पर्नेछ ।

ग. वडा स्तरीय समितिले विषयवस्तुसँग सरोकार राख्ने व्यक्ति, विज्ञ,स्थानीय पत्रकारलाई आफ्नो बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**११. वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकारः** वडा स्तरीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन ।

(क) मानव बेचबिखन तथा ओसारपसार विरूद्ध वडा स्तरीय योजना, कार्यक्रम र बजेट तर्जुमा गरी समिति समक्ष पेश गर्ने र समितिको निर्णय बमोजिम कार्यान्वयन गर्ने,

(ख) मानव बेचबिखन तथा ओसारपसार विरूद्ध जनचेतना अभिवृद्धि गराउने,

(ग) मानव बेचबिखन तथा ओसारपसार विरूद्ध समन्वय, सहकार्य र सहयोग आदान-प्रदान गर्ने,

(घ) वडा क्षेत्रमा बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिको नक्सांकन र आवश्यकता बमोजिम उद्धार गर्ने कार्यमा समितिलाई सहयोग गर्ने,

(ङ) पुनर्स्थापना केन्द्रको अनुगमन गर्न समितिलाई सहयोग गर्ने,

(च) समितिले बनाएको नीति र योजना अन्तर्गत रही कार्यक्रमको कार्यान्वयन गर्ने,

(छ) मानव बेच बिखन तथा ओसारपसारसँग सम्वन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र आवश्यकता अनुसार समितिमा पठाउने,

(ज) मानव बेचविखन तथा ओसारपसार विरुद्ध टोल स्तरीय समिति गठन गरी काम, कर्तव्य, अधिकार निर्धारण गर्ने र सो समितिलाई आवश्यक निर्देशन र सुझाव दिने,

(झ) पालिका स्तरीय समितिले समय समयमा तोके बमोजिमका अन्य कार्य गर्ने ।

**१२. बैठक सम्बन्धी व्यवस्थाः**

(१) वडा स्तरीय समितिको बैठक प्रत्येक चार महिनामा कम्तिमा एकपटक बस्ने छ ।

(२) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य-सचिवले तोकेको मिति, स्थान र समयमा बस्ने छ ।

(३) कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ तर निजको अनुपस्थितिमा वडा सदस्यहरु मध्ये ज्येष्ठ सदस्यले गर्नेछ ।

(५) समितिको बैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ४
## कोष सम्बन्धी व्यवस्था

**१३. कोषको व्यवस्थाः** मानव बेच बिखन तथा ओसारपसार रोकथाम र प्रभावितका लागि राहत तथा अन्य कार्य गर्नका लागि पालिका स्तरीय समिति मातहतमा रहने गरि एक कोषको स्थापना गरिने छ ।

(१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ र सो कोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति, संघ संस्था वा निकायबाट प्राप्त रकम,

(ग) अन्तर्राष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट अनुदान स्वरुप प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) समितिले उपदफा (१) को खण्ड (घ) बमोजिमको कुनै रकम प्राप्त गर्नु अघि पालिकाको स्वीकृति लिनु पर्नेछ ।

(३) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(४) समितिको कोषमा रहेको रकम कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(५) समितिको कोषको सञ्चालन पालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।

**१४. लेखा र लेखा परीक्षणः**
(१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ ।
(२) समितिको आन्तरिक र अन्तिम लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।
**१५. बैठक भत्ताः** समिति र वडास्तरीय समितिका सदस्यहरूले बैठकमा भाग लिए बापत प्रचलित नियमानुसार बैठक भत्ता पाउनेछन् ।

## परिच्छेद ५
## विविध

**१६. वार्षिक प्रतिवेदन पेश गर्नेः** वडा स्तरीय समितिले वर्षभरिमा आफुले गरेको काम कारबाहीको प्रतिवेदन समिति समक्ष र समितिले पालिका समक्ष आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र पेश गर्नुपर्नेछ ।
**१७. अधिकार प्रत्यायोजनः** समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्षले, सदस्य, सदस्य-सचिव वा पालिकाको कुनै कर्मचारीलाई निर्णय गराई प्रत्यायोजन गर्न सक्नेछ ।
**१८. निर्देशन दिनेः** पालिकाले समितिको काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।
**१९. संशोधन गर्न सकिनेः** यस निर्देशिकालाई गाँउपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।
**२०. बाधा अड्काउ फुकाउने अधिकारः** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा आई परेमा पालिकाका अध्यक्षको सहमतिमा समितिले फुकाउन सक्नेछ ।
**२१. प्रचलिन कानून बमोजिम हुनेः** यस निर्देशिकामा उल्लेख गरिएका व्यवस्थाहरु संघीय र प्रदेश कानूनसँग बाझिएको खण्डमा बाझिएको हदसम्म संविधान र प्रचलित कानून बमोजिम हुनेछ ।
धन्यबाद ।

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत